९४० - ५५२

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ५३७/२०७२/०७३

निर्णय नं. ५५२

फ्रिडम फोरम, थापाथली, काठमाडौका तारानाथ दाहाल समेत ....................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), बेंसीशहर नगरपालिका कार्यालय, बेंसीशहर, लमजुङ ....१ विपक्षी

सूचना अधिकारी, बेंसीशहर नगरपालिका कार्यालय, बेंसीशहर, लमजुङ ....................................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौका तारानाथ दाहाल समेतले बेंसीशहर नगरपालिका कार्यालय, बेंसीशहर, लमजुङ् समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम बेंसीशहर नगरपालिका कार्यालय, लमजुङ्लाई मिति २०७२।०७।२९ च.नं. ४३१ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त बेंसीशहर नगरपालिका कार्यालय, बेंसीशहर, लमजुङको मिति २०७२।०९।०३, च.नं. ३९२६, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचनाको सम्वन्धमा एलजिसिडिपी तर्फ सूचनाको हकसम्बन्धी तालिम सञ्चालन नभएको व्यहोरा पत्रद्वारा यस आयोगलाई जानकारी गराई बोधार्थ मार्फत पुनरावेदकलाई पनि जानकारी गराएकाले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| यशोदादेवी तिम्सिना | किरणकुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७२ साल माघ ०६ गते रोज ४ शुभम् ।